बाल विवाह, छिटो विवाह र जबरजस्ति विवाह रोकथाम परियोजना (नोराड)



# प्रगति प्रतिवेदन

## राजापुर नगरपालिका कार्यालय, राजापुर नगरपालिका, बर्दिया

भेरी वातावरणीय विशिष्टता समुह (बी-ग्रुप)

नेपालगंज, बाँके

# भेरी वातावरणीय विशिष्टता समूह (बी -ग्रुप) द्धारा राजापुर नगरपालिकामा सञ्चालन भइरहेका विभिन्न गतिविधिहरुको प्रतिवेदन

**पृष्ठभुमी** : भेरी वातावरणीय विशिष्टता समुह (बी ग्रुप) बाँके ले प्लान ईन्टरनेशनल नेपालसँगको साझेदारीमा बर्दिया जिल्लाको राजापुर नगरपालीका, गुलरिया नगरपालीका, बाँसगढी नगरपालीका र बढैयाताल गाउँपालीकामा बाल विवाह, छिटो विवाह र जबरजस्ति बिवाह रोकथाम परियोजना सन् २०२० देखी सञ्चालन गरिरहेको छ । नेपाल सरकारको दिगो विकासको लक्ष्य अन्तर्गत सन् २०३० सम्म नेपालबाट बाल विवाह अन्त्य भएको घोषणा गर्ने प्रतिवद्धता जनाएसँगै नेपाल सरकारको प्रतिवद्धता लाई सफल बनाउन यो परियोजना नर्वे सरकारको आर्थीक सहयोग र प्लान ईन्टरनेशलन नेपाल र बि ग्रुपको साझेदारीमा स्थानीय सरकारसँगको समन्वय तथा सहकार्यमा सञ्चालन भैरहेको छ । यस परियोजनाले ५ वटा सवाललाई केन्द्र बिन्दुमा राखेर बाल विवाह न्युनीकरण गर्ने लक्ष्य राखेको छ । ५ वटा प्रमुख सवालहरुलाई परियोजनाको उद्देश्य खण्डमा उल्लेख गरिएको छ ।

**१. परियोजनाको नाम (Name of Project) : बालविवाह, छिटो विवाह र जबरजस्ति विवाह रोकथाम परियोजना (Preventing Child Early and Forced Marriage Project)**

**२. विषय (Theme) : किशोरी तथा युवा महिलाहरुको आर्थीक शसक्तिकरण तथा यौन तथा प्रजनन् स्वास्थ्य र र अधिकार**

**३. साझेदार संस्थाको नाम (Name of Partner Organization) : प्लान ईन्टरनेशनल नेपाल**

**४. दातृ निकाय (Donor Agency) : नर्वे सरकार**

**५. परियोजना अवधी (Duration of project) : जुलाई २०२० देखी नोभेम्बर २०२४ सम्म**

**६. परियोजना सञ्चालन भईरहेको वडाहरु (Project Area): राजापुर नगरपालिका वडा नं.३, ५, ६ र ८**

**७. परियोजनाको लक्ष्य (Goal/Outcome level Results) :**


**बालविवाह, छिटो विवाह तथा जबरजस्ती विवाह न्युनीकरण गर्ने ।**


**मुख्य सरोकारवालाहरु :**
स्थानीय बाल अधिकार समिति, नागरिक सञ्जाल, बाल क्लब, गाउँ/नगरपालीकाका युवा क्लब, धर्मगुरु, वडघर, सामाजिक अगुवा, नेपाल प्रहरी, बाल अधिकार संरक्षण समिति, महिला सहकारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, महिला तथा बालबालिका शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरु आदि ।

**८. परियोजनाको उद्देश्य (Objectives) :**

- विद्यालय जान छोडेका बालीकाहरुलाई पुनः विद्यालयमा जान प्रोत्साहन गर्ने ।
- किशोरकिशोरीमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी ज्ञान बढाउने ।
- बालविवाहको उच्च जोखिममा रहेका किशोरीहरुलाई आर्थिक अवसरहरु सृजना गर्ने ।

- समुदायका अगुवा, धार्मिक गुरु, सामाजिक अभियन्ता मार्फत बाल विवाह, जबरजस्ती विवाहलाई प्रश्रय दिने खालका मूल्यमान्यताका विरुद्ध आवाज वुलन्द गरी र नीति अनुसार कार्य गर्न गराउन दवाव सृजना गरी सकारात्मक अभ्यास थालनी गर्ने ।
- केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका कर्तव्य वाहकहरुलाई बाल अधिकारको संरक्षण, विशेषगरी बालविवाह रोकथामको लागि जिम्मेवार बनाउने ।
















## सारांशः

**बाल बिवाह, छिटो बिवाह र जबरजस्ति बिवाह रोकथाम** परियोजना बर्दिया जिल्लाको राजापुर नगरपालीका, गुलरिया नगरपालीका, बाँसगढी नगरपालीका र बढैयाताल गाउँपालीकामा सन. २०२० को जुलाई महिना देखी प्लान ईन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समुह (बि ग्रूप) बाँके को साझेदारीमा सञ्चालन भै रहेको छ । परियोजनाको प्रतिफल प्राप्ती गर्नका लागी स्थानीय सरकारसँगको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विभिन्न गतिविधिहरु सञ्चालन गरिरहेको छ । यस परियोजनाले बिषेशगरी किशोरी तथा किशोहरुको शसक्तिकरण गर्नका लागी ४ वटै पालीकाहरुमा १० देखी १५ र १६ देखी २४ बर्ष उमेर समुहका किशोर तथा किशोरीहरुको सिओसी (परिवर्तनका संवाहकह) समुह गठन गरी प्रत्येक शनिबार जीवन उपयोगी सिप र सशक्तिकरणका लागी छलफल चलाउँदै आईरहेको छ । यस नगरपालीकाको वडा नं ६ र ८ मा रहेको सिओसी केन्द्रमा सहभागीहरुलाई यस नगरपालीकका नगर प्रमुख श्री दिपेश थारुबाट सम्मानीत तथा मायाको चिनो प्रदान गरिएको छ । साथै २०८० श्रावण महिना देखी यसै नगरपालीकाको वडा नं ३ र ५ मा सिओसी केन्द्रहरु सञ्चालन भैरहेको छ । सिओसी केन्द्र सञ्चालनका लागी दुई जना सहजकर्ताहरु रहेका छन् । यस परियोजना अन्तर्गत किशोर किशोरीहरुको क्षमता विकास गर्ने उद्देश्यले सिओसी केन्द्रहरुमा अतिरिक्त क्रियाकलापहरु पनी सञ्चालन गर्दै आईरहेको छ । सिओसी सहभागीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको बारेमा अभिमुखिकरण, परामर्श, तथा दौतरी शिक्षा सम्बन्धि तालिमहरु सञ्चालन गरिरहेको छ । यसले गर्दा किशोर तथा किशोरी हरुमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि ज्ञान अभिवृद्धि भै सानै उमेरमा विवाह गर्दा स्वास्थ्यमा पर्न सक्ने असरहरुको बारेमा सचेत भएका छन् ।

साथै, बिद्यालयहरुमा अध्ययनरत छात्र छात्राहरुको पनी यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको ज्ञान अभिवृद्धी गर्ने उद्देश्यले शिक्षकहरुलाई ५ दिने बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको बारेमा शिक्षक शिक्षण तालिम उपलब्ध गराईएको छ । यस नगरपालीका अन्तर्गत ९ ओटा बिद्यालयका ३७ जना शिक्षक तथा शिक्षिकाहरुले उक्त तालिम प्राप्त गरेका छन् । तालिम पश्चात शिक्षकहरुले बृहत्तर यौनिकता शिक्षा सम्बन्धि अतिरिक्त कक्षाहरु सञ्चालन गरिरहेका छन् ।

स्थानीय सरकार, धर्मगुरुहरु, धामी झाकी, वडघरहरुसँग पनी यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको बारेमा संवाद बैठकहरु नियमित रुपमा गर्दै आईरहेको छ । स्थानीय जनप्रतिनिधीहरु, सामाजिक अगुवाहरुले गाउँ समुदायमा बाल विवाह रोकथामका लागी सचेतना तथा छलफलहरु गरिरहेका छन् ।

यस परियोजनाले बालविवाहको जोखिममा रहेका किशोरी तथा परिवारहरुको पहिचान गरी आर्थीक सवलीकरण गर्ने उद्देश्यले विभिन्न गतिविधिहरु सञ्चालन गरिरहेको छ । यस नगरपालीका भित्र आर्थीक कमजोरीका कारण बालविवाहको जोखिममा पर्नसक्ने परिवार तथा युवा महिलाहरुको पहिचान गरी २९ जना युवा महिलाहरुलाई विभिन्न सिप सम्बन्धि तालिम उपलब्ध गराएको छ । यस क्रियाकलापले यस नगरपालीकाको युवा रोजगार लक्ष्यलाई हासिल गर्न टेवा पुर्‍याएको छ । साथै ७ घरपरिवारलाई कृषि सहकारी मा आवद्ध गरिएको छ । जसमध्य ३ घरपरिवारले सहकारीबाट ऋणलिई बंगुर तथा कुखुरा पालन व्यवसाय गरिरहेका छन् ।

यसैगरी, राजापुर नरपालीका सँग प्रत्यक्ष समन्वय तथा सहकार्य गरी परियोजना का गतिविधिहरु सञ्चालन गर्ने उद्देश्यले यस नगरपालीकाले उपलब्ध गराएका लघु उद्यमशिलता तथा व्यवसाय निर्माण योजना तालिम प्राप्त ६ जना व्यवसायीलाई नगरपालीकाको सिफारिसमा व्यवसाय सञ्चालन गर्नका लागी सामाग्री सहयोग गरिएको छ ।

गत आ.व. ०७९/०८० मा यस परियोजना अन्तर्गत लघु उद्यमशिलता तथा व्यवसाय निर्माण योजना सम्बन्धि तालिम प्राप्त ४ जना युवा महिलाहरु मध्य ३ जना लाई टाईल फिटर र १ जनालाई हाउस वाईरिंग सम्बन्धि तालिम राजापुर नगरपालीकाले उपलब्ध गराएको थियो । साथै प्रारम्भिक सहयोग संस्थाले उपलब्ध गराएको छ ।

यस राजापुर नगरपालीकाले यस बर्ष २०८० भित्र विभिन्न वडाहरुलाई बालविवाह मुक्त वडा घोषणा गर्ने लक्ष्य राखेको र २०८१ भित्र राजापुर नगरपालीकालाई बालविवाह मुक्त नगरपालीका घोषणा गर्ने लक्ष्यलाई हासिल गर्न परिवर्तनका संवाहकहरु, स्थानीय धर्मगुरु, सामाजिक अगुवाहरु मार्फत समुदायमा बालविवाह अन्त्यका लागी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने योजना गरिएको र गतिविधिहरु सञ्चालन गरीरहेको छ ।

## ९. परियोजनाद्धारा हाल सम्म सञ्चालन भएका मूख्य क्रियाकलाप (Major Activities)
(सञ्चालन गरिएका क्रियाकलाप, उद्देश्य, क्रियाकलाप सञ्चालन प्रक्रिया, क्रियाकलापमा सहभागीको विवरण, उपलब्धी आदि ।)

| क्र.स. | क्रियाकलाप | उद्देश्य | सञ्चालन प्रक्रिया | सहभागी विवरण | उपलब्धि |
|---|---|---|---|---|---|
| १. | सिओसी सहजकर्ताहरुलाई तालिम, सिओसि केन्द सञ्चालन तथा अतिरिक्त क्रियाकलाप, सिओसी व्यवस्थापन समितिलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि अभिमुखिकरण, घरेलु स्यानीटरी प्याड निर्माण सम्बन्धि तालिम, किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि अभिमुखिकरण, परामर्श, विभिन्न दिवसको आयोजना | परिवर्तनका संवाहरुको अतिरिक्त ज्ञान तथा सिपको क्षमता अभिवृद्धि गरी केन्द्रमा नियमितताको लागि | सहभागी, सहजकर्ता तथा स्थान छनौट, सहभागीलाई जानकारी, लजिस्टिक व्यवस्थापन, क्रियाकलापक सञ्चालन | ४६०२ | परीवर्तनका संवाहक किशोर किशोरीहरुले लैंगीक समानता, लैंगीक शसक्तिकरण, यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा जानकार भएका छन् भने । घरेलु स्यानीटरी प्याड बनाउने सिप सिकेका छन् । |
| २. | बिद्यालयका शिक्षकहरुलाई बृहत्तर यौनीकता शिक्षा सम्बन्धि तालिम | शिक्षकहरुलाई बृहत्तर यौनिकता शिक्षा सम्बन्धि सिप सिकाउने | स्थानीय सरकार सँग समन्वय सहभागी, सहजकर्ता तथा स्थान छनौट, सहभागीलाई जानकारी, लजिस्टिक व्यवस्थापन, क्रियाकलापक सञ्चालन | ३४ | बिद्यालयका शिक्षकहरुले बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको बारेमा ज्ञान तथा शिक्षण सिप प्राप्त गरेका छन् । |
| ३. | विद्यालयमा यौन वृहत्तर यौनिकता शिक्षा सम्बन्धी पठनपाठन तथा अतिरिक्त क्रियाकलापहरु | विद्यार्थीहरुलाई वृहत्तर यौनिकता शिक्षाको ज्ञान अभिवृद्धि गर्ने । | बिद्यालयसँग समन्वय, शिक्षण बिषय छनौट, सम्झौता, सेसन सञ्चालन | ५४४६ | बिद्यालयमा अध्ययनरत छात्र छात्राहरुले यौनिकता शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा जानकारी प्राप्त गरेका छन् । |
| ४. | पालीका स्तरीय यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि संवाद कार्यक्रम | स्थानीय सरकार तथा अन्य सरोकारवालहरुलाई CSE/SRHR सम्बन्धि बजेट तथा कार्यक्रम योजना गर्न लगाउने । | पालीका सँग समन्वय, सहभागी, सहजकर्ता तथा स्थान छनौट, सहभागीलाई जानकारी, लजिस्टिक व्यवस्थापन, क्रियाकलापक सञ्चालन | ७० | सम्बन्धित पालीकाहरुले बालविवाह रोक्नका लागी विभिन्न चेतनामुलक कार्यक्रम तथा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि जनचेतना फैलाउनका लागी बजेट विनियोजन को थालनी गरेका छन् । |
| ५. | धर्मगुरु, नागरिक अगुवा, वडघर हरु बीच संवाद कार्यक्रम | धर्मगुरु, नागरिक अगुवाहरुलाई SRHR सम्बन्धि जानकारी गराई बालविवाह रोक्न परिचालन गर्ने । | सहभागी, सहजकर्ता तथा स्थान छनौट, सहभागीलाई जानकारी, लजिस्टिक व्यवस्थापन, क्रियाकलापक सञ्चालन | ९६ | धार्मीक गुरुहरु ता सामाजिक अगुवाहरुले बालविवाह रोक्न तथा हुन नदिन समुदायमा अभियानहरु सञ्चालन गरिहेकाछन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | युवा महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम | युवा महिलाहरुलाई लैगींक रुपान्तरणका लागी लघु उद्यमशिलता, जिवन उपयोगी सिप तथा व्यवसायीक योजनाको बारेमा अनुशिक्षण गर्ने । | पालीका सँग समन्वय, सहभागी, सहजकर्ता तथा स्थान छनौट, सहभागीलाई जानकारी, लजिस्टिक व्यवस्थापन, क्रियाकलापक सञ्चालन | २३ | युवा महिलाहरुले लघु उद्यमशिलता , जीवन उपयोगी सिप को बारेमा जानकार हुनुका साथै व्यवसायीक योजना बनाएका छन् । |
| ७. | युवा महिलाहरुलाई सिपमुलक तालिम । | युवा महिलाहरुलाई लैगींक रुपान्तरणका लागी व्यवसायीक सिपमुलक तालिम सञ्चालन गर्ने । | पालीका सँग समन्वय, प्रशिक्षक छनौट, स्थान छनौट, सहभागीलाई जानकारी, लजिस्टिक व्यवस्थापन, क्रियाकलापक सञ्चालन । | २३ | यस राजापुर नगरपालिकामा युवा महिलाहरुले विभिन्न सिपमुलक तालीमहरुको प्रशिक्षण लिएका छन् । |
| ८. | बलविवाह को जोखिममा पर्नसक्ने परिवारहरुलाई सहकारीमा आवद्धता । | बलविवाहको जोखिममा पर्न सक्ने परिवारका सदस्यहरुलाई सहकारीमा आवद्ध गराई आय आर्जन गर्न प्रेरित गर्ने । | पालीकासँग समन्वय, परिवार सर्वेक्षण, सहकारीसँग समन्वय तथा छलफल, सहकारीसँग सम्झौता आदी । | ५ | बलविवाह को जोखिम रोक्न ५ जना घरपरिवारलाई सहकारीमा आवद्ध गरिएको छ । |
| ९. | पालीका बाट सिपमुलक तालिम लिएका र बलविवाह को जोखिममा पर्नसक्ने परिवारहरुलाई व्यवसाय सञ्चालन गर्न विभिन्न सामाग्री सहयोग । | सिपमुलक तालिम प्राप्त तथा बलविवाहको जोखिममा पर्न सक्ने परिवारका सदस्यहरुलाई व्यवसायमा आवद्ध गराई आय आर्जन गर्न प्रेरित गर्ने । | पालीकासँग समन्वय, परिवार सर्वेक्षण, व्यवसाय सिप पहिचान तथा सामाग्री हस्तान्तरण आदि । | ६ | सीपको उपयोग गर्न र बलविवाह को जोखिम रोक्न ५ जना घरपरिवारलाई बंगुर पालन, कुखुरा पालन गर्न तार जाली वितरण र १ जना लाई खाजा नास्ता व्यवसाय व्यवस्थित रुपमा चलाउन फ्रिज सहयोग गरिएको छ । |

## १०. मूख्य उपलब्धीहरु (**Major Achievements**)

(कार्यक्रमको प्रभाव-समुदायमा ज्ञान र सिपको वृद्धि, धारणमा परिवर्तन, अभ्यासको अवस्था, सिकाई अनुशरण, अभिवृद्धि, आदि)

**<u>नतिजा नं २ : किशोर किशोरीहरु यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा जानकार भएका हुनेछन् सम्बन्धित उपलब्धिहरु</u>**

परियोजनाको परिणाम २ लाई हासिल गर्ने उद्देश्यले समुदायमा बिभिन्न गतिविधिहरु सञ्चालन भैरहेको छ । बिषेशगरी परियोजनाले १० देखी १५ र १६ देखी २४ बर्ष उमेर समुहका किशोर तथा किशोरीहरुले परिवर्तनका संवाहक केन्द्र गठन गरी सिओसी मोडुलहरुको अध्ययन बाट लैगींक रुपान्तरण तथा लैगीकता सम्बन्धी, सकारात्मक बुझाई र नेतृत्व र निर्णयका लागी प्रत्येक शनिबार सिओसी कक्षाहरु सञ्चालन भैरहेको छ । यसका साथै सिओसी सहभागीहरुको बृद्धि बिकासका लागी विभिन्न खेलकुद गतिविधि तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन भैरहेको छ ।



राजापुर नगरपालीका वडा नं. ६ र ८ मा ८ वटा केन्द्रमा आवद्ध १० देखी १५ र १६ देखी २४ बर्ष उमेर समुहका किशोर तथा किशोरी हरु नियमित सिओसी केन्द्रमा ९ वटा सिओसी मोडुलहरुको कक्षा सम्पन्न गरेका छन् साथै परियोजना र राजापुर नगरपालीकाको सहकार्यमा उहाँहरु लाई परिवर्तनका संवाहक प्रमाणपत्र र माया को चिनो ले सम्मानित भएका छन् । साथै राजापुर नगरपालिका ३ र ५ वडामा १० देखी १५ र १६ देखी २४ बर्ष उमेर समुहका किशोर तथा किशोरीहरुले ८ वटा परिवर्तनका संवाहक केन्द्र गठन गरी बार्षिक कार्ययोजना तयार पारी सोही कार्ययोजना अनुसार चेतनामुलक कार्यक्रम तथा अभियानका गतिविधिहरु सञ्चालन गरिरहेका छन् । साथै सिओसी व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुले सिओसी सेसनहरुको अनुगमन गर्ने तथा समुदायमा यौन हिंसा, दुर्व्यवहार, बालविवाह बिरुद्ध आवाज हरु उठाईरहेका छन । सिओसी किशोत तथा किशोरीहरुले समाजमा भैरहेका बालविवाह रोक्नका लागी बाल अधिकार समिति, स्थानीय सरकार तथा समुदायका अगुवाहरुलाई विभिन्न कार्यक्रम मार्फत सचेतीकरण गरिरहेका छन् । यसै गरी सिओसी किशोर तथा किशोरीहरु पहलमा समुदायमा हुने बालविवाह सम्बन्धि कानुनी प्रावधानको बारेमा नेपाल प्रहरी सँग समन्वय गरी सचेतना फैलाईरहेका छन् ।



किशोर तथा किशोरीहरुमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि ज्ञानको अभिवृद्धि गरी बालविवाह रोक्न परियोजना ले यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि, अन्तरक्रिया, अभिमुखिकर, तालिम, दौतरी शिक्षा, परामर्श सम्बन्ध त्रियाकलापहरु सञ्चालन गरिरहेको छ ।

क्रियाकलाप सम्पन्न भैसकेपछी सिओसी किशोर तथा किशोरीहरुले आफ्ना दौतरीहरुलाई दौतरी शिक्षा मार्फत यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि छलफल तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिहेका छन् । समुदायमा भएका बालविवाह का घटनामा सामुहिक रुपमा घटना स्थलगई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि परामर्श मार्फत बालविवाह रोक्न मद्धत गरिरहेका छन् । यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि तालिम तथा परामर्श बाट किशोर तथा किशोरीहरुले सम्बन्धि स्वास्थ्य चौकी तथा केन्द्रहरुमा गई परामर्श तथा उपचारका लागी जाने गरेका छन् ।

परियोजनाले परियोजना लागु भएका पालीकाहरु किशोरीहरुलाई महिनावी स्वच्छता तालिम तथा घरेलु स्यानीटरी प्याड बनाउने तालिमहरु सञ्चालन गरिरेको छ । बिषेश गरी सिओसी केन्द्रमा आवद्ध किशोरी तथा बिद्यालयमा अध्ययन गर्ने छात्राहरुलाई प्रमुख लक्षीत गरी तालिमहरु सञ्चालन गरिएको हो । तालिम प्राप्त किशोरीहरुले घरमै निर्माण गरी घरेलु स्यानीटरी प्याडहरु प्रयोग गर्न सुरु गरेका छन् । यसै गरी किशोर तथा किशोरी हरुलाई लक्षीत गरी महिनावारी स्वच्छता व्यवस्थापन, यौन दुर्व्यवहार तथा हिंसा, प्रजनन् स्वास्थ्य सम्बन्धि परामर्श हरु पनी परियोजनाले गरिरहेको छ । यस परामर्शले कार्यक्षेत्रमा हुने तथा भएका यौन हिंसा तथा दुर्व्यवहारहरुको सम्बन्धित निकायमा उजुरी दिने, महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धि व्यवहारीक अभ्यासहरु गर्दै आईरहेका छन् ।




बिद्यालयमा छात्र छात्राहरुलाई बृहत्तर यौनिकता शिक्षा/यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको बारेमा ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले परियोजनाले राजापुर नगरपालीकाका हाल सम्म ३० जना शिक्षकहरुलाई बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन् स्वास्थय र अधिकारको बारेमा ५ दिने शिक्षक शिक्षण मार्फत प्रशिक्षित गरिएको छ । तालिम प्राप्त शिक्षकहरुले बिद्यालयमा कक्षा ६ देखी कक्षा १० सम्म बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको बारेमा अध्यापन गरिहेका छन् । यस शिक्षाले गर्दा बिद्यालयमा अध्ययनरत किशोर तथा किशोरीहरुले यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको बारेमा ज्ञान प्राप्त गरिरहेका छन् भने सानै उमेरमा बिवाह गर्दा जिवनमा पर्ने नकारात्मका प्रभावको बारेमा सचेत भैरहेका छन् ।



शिक्षकहरुलाई अध्यापन गन सरल होस् भन्नका लागी १३ पेजको अध्यापन सामाग्री तथा बिद्याथीहरुलाई बुझ्न सरलताका लागी २ पेजको बृहत्तर यौनिकता प्रमुख सन्देशहरु प्रिन्ट गरी वितरण गरिएको छ ।
साथै बिद्यालयहरुमा बृहत्तर यौनिकता शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्यको अध्यापन का अलावा छात्र छात्राहरुमा ज्ञानको स्तर मापनका लागी सोही बिषमा केन्द्रित भै अतिरिक्त क्रियाकलापहरुको (हिज्जे प्रतियोगीता, हाजीरी जवाफ प्रतियोगिता, निवन्ध आदी) आयोजना गरी किशोर र किशोरीहरुको बृद्धिविकासकालागी गतिवधिहरु सञ्चालन हुँदै आईरहेका छन ।

यसैगरी माथीको उद्देश्य हासिल गर्नका लागी परियोजना ले राजापुर नगरपालीकामा स्थानीय अगुवा, धर्मगुरुहरु, वडघरहरु, स्थानीय जनप्रतिनिधिहरु, शिक्षकहरु, सम्बन्धित शाखाका प्रमुखहरु तथा सरोकारवाला निकायहरु बिच यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा संवाद बैठकहरुको आयोजना गरिएको छ । बैठकमा धर्मगुरु, सामाजिक अगुवाहरु तथा वडघरहरुले बालविवाह, छिटो विवाह र जबरजस्ति विवाह नगराउने र गर्न नदिने प्रतिवद्धता जनाएका छन् भने सोही प्रतिवद्धता अनुरुप समुदायमा हुने गरेका बालविवाह बहिष्कार गर्ने र रोक्ने अभियान हरु सञ्चालन गरिहेका छन् । धर्मगुरु तथा स्थानीय अगुवाहरुले आफ्नो समुदायमा यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा जानकारी दिने कार्यको थालनी गरेका छन् । यसै स्थानीय जनप्रतिनिधहरुले आफ्नो वडामा बालविवाह छिटो विवाह र जबरजस्ति विवाह रोकथामका लागी बिभिन्न शिर्षकहरु मार्फत बजेट बिनियोजन गरेका छन् । किशोर किशोरी मैत्री सेवा कक्षलाई प्रभावकारी बनाउन अभिमुखिकरण गतिविधीहरु सञ्चालन गर्ने कार्य योजना बनाएका छन् ।



## नतिजा नं २ :परियोजनाको सहयोगमा  बृहत्तर यौनीकता शिक्षा सम्बन्धि तालिम प्राप्त शिक्षकहरुको विवररण

| क.स | नाम थर | ठेगाना | स्कुलको नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | प्रेम बहादुर बि.क | राजापुर ४ राजापुर | श्री किसान मा.बि राजापुर ५ खल्ला जयपुर | ९८४९७२२०६७ |
| २ | अर्जुन अधिकारी | राजापुर ४ राजापुर | श्री किसान मा.बि राजापुर ५ खल्ला जयपुर | ९८४४८४३०२७ |
| ३ | राजेन्द्र दहित | राजापुर ५ जयपुर | श्री किसान मा.बि राजापुर ५ खल्ला जयपुर | ९८२२७४७७७४ |
| ४ | सुदन रिमाल | गेरुवा ६ नौरंगा | श्री किसान मा.बि राजापुर ५ खल्ला जयपुर | |
| ५ | होमनारायण बुढा मगर | राजापुर ४ राजापुर | श्री किसान मा.बि राजापुर ५ खल्ला जयपुर | |
| ६ | टिका न्यौपाने | राजापुर ५ बदालपुर | श्री किसान मा.बि राजापुर ५ खल्ला जयपुर | ९८४८०३२८८९ |
| ७ | बिरबल चौधरी | राजापुर १ टिहुनी | श्री कालिका मा.बि चनौरा राजापुर १ सोनपुर | ९८५८०३१२७६ |
| ८ | लक्ष्मि कुमारी चौधरी | राजापुर ४ राजापुर | श्री कालिका मा.बि चनौरा राजापुर १ सोनपुर | ९८४८४०३१८३ |
| ९ | अतिलाल चौधरी | राजापुर १ छोट्की दौलतपुर | श्री कालिका मा.बि चनौरा राजापुर १ सोनपुर | ९८६६७५४५८२ |
| १० | सरस्वती चौधरी | राजापुर ४ अन्नतपुर | श्री अमर शहिद दशरथ चन्द्र मा.बि.राजापुर ४ राजापुर | ९८१२४७८०२० |
| ११ | सुधा चौधरी | राजापुर ३ टेडिया | श्री अमर शहिद दशरथ चन्द्र मा.बि.राजापुर ४ राजापुर | ९८४८०३३०३५ |
| १२ | सुमन कुमार झा | राजापुर ४ राजापुर | श्री अमर शहिद दशरथ चन्द्र मा.बि.राजापुर ४ राजापुर | ९८४८०६६२२५ |
| १३ | सरोज झा | राजापुर ४ राजापुर | श्री अमर शहिद दशरथ चन्द्र मा.बि.राजापुर ४ राजापुर | |
| १४ | सुनिता कुमारी चौधरी | राजापुर ३ सेनदुरा | श्री अमर शहिद दशरथ चन्द्र मा.बि.राजापुर ४ राजापुर | ९८६६६४७८६५ |
| १५ | जयश्री दहित | राजापुर ६ टपरा | श्री मानपुर मा.बि राजापुर ६ टपरा | ९८४८०४४३५४ |
| १६ | लोकेन्द्र बहादुर थापा | राजापुर ४ राजापुर | श्री मानपुर मा.बि राजापुर ६ टपरा | ९८१२६३१७४४ |
| १७ | भुवन प्रसाद खनाल | राजापुर ४ अन्नतपुर | श्री मानपुर मा.बि राजापुर ६ टपरा | ९८५८०२१७३९ |
| १८ | नरेन्द्र दहित | राजापुर ५ जयपुर | श्री पद्म कुमारी मा.बि राजापुर ५ जयपुर | ९८१५५११६०३ |
| १९ | समिक्षा चौधरी | राजापुर ४ राजापुर | श्री पद्म कुमारी मा.बि राजापुर ५ जयपुर | ९८६८१३८८८९ |
| २० | रमेश कुमार चौधरी | राजापुर ५ जयपुर | श्री पद्म कुमारी मा.बि राजापुर ५ जयपुर | ९८४८०६३८०८ |
| २१ | भुपेन्द्र थारु | गेरुवा ६ मानाउ | श्री पद्म कुमारी मा.बि राजापुर ५ जयपुर | |
| २२ | हेलुराम चौधरी | गेरुवा २ उल्तनपुर | श्री नेपाल राष्ट्यि मा.बि राजापुर २ नयाँगाउ | ९८४८१०१०८४ |
| २३ | भगवती अधिकारी | राजापुर २ बरगढी | श्री नेपाल राष्ट्यि मा.बि राजापुर २ नयाँगाउ | ९८४८०६१४१७ |
| २४ | सुनिता मल्ल | राजापुर २ नयागाउ | श्री नेपाल राष्ट्यि मा.बि राजापुर २ नयाँगाउ | |
| २५ | मोहन सिग्देल | राजापुर १० मंगलपुर | श्री नेपाल राष्ट्यि मा.बि राजापुर २ नयाँगाउ | |
| २६ | अन्जना वाग्ले | राजापुर ८ धोबिनपुर | श्री भेरी मा.बि राजापुर ८ ललितापुर | ९८४८०५६६५५ |
| २७ | दिनेश दहित | राजापुर ५ जयपुर | श्री भेरी मा.बि राजापुर ८ ललितापुर | ९८४८२३८७०७ |
| २८ | पदमकृषि चौलागाई | राजापुर ८ धोबिनपुर | श्री भेरी मा.बि राजापुर ८ ललितापुर | ९८४८०८९०२८ |
| २९ | हिरा रसाईली | राजापुर ६ महुवा | श्री नेपाल राष्ट्यि मा.बि राजापुर ९ गोडियाना | ९८६६७६३०१२ |
| ३० | अन्जु भट्राई | राजापुर ४ राजापुर | श्री नेपाल राष्ट्यि मा.बि राजापुर ९ गोडियाना | ९८४८२७११५७ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | अरुन कुमार चन्द्र | राजापुर ६ महुवा | श्री नेपाल राष्ट्रिय मा.बि राजापुर ९ गोडियाना | ९८४८०५६०३९ |
| ३२ | सुनिता चौधरी | राजापुर ४ राजापुर | श्री जनचेतना मा.बि राजापुर १० मंगलपुर | ९८४८०६५२८० |
| ३३ | रामचरण चौधरी | मधुबन ४ बेलुवा | श्री जनचेतना मा.बि राजापुर १० मंगलपुर | ९८५८०६७५३० |
| ३४ | सन्तोस दहित | राजापुर १० लालपुर | श्री जनचेतना मा.बि राजापुर १० मंगलपुर | ९८६३६३५१०५ |
| ३५ | अरुणा चौधरी | राजापुर ६ महुवा | श्री मानपुर मा.बि राजापुर ६ टपरा | |
| ३६ | सोम प्रसाद थारु | राजापुर १ सोनपुर | श्री कालिका मा.बि चनौरा राजापुर १ सोनपुर | ९८००५३७०६० |
| ३७ | ईन्द्र प्रसाद चौधरी | राजापुर १० खैरी | श्री जनचेतना मा.बि राजापुर १० मंगलपुर | |


**ञज्ञ त्रबनतिजा नं ३ : बालविवाह, छिटो गरिने विवाह र जबरजस्ति गरिने विवाहको उञ्च जोखिमा रहेका बालिका तथा उनिहरुको परिवारको आर्थिक सवलीकरण भएको हुनेछ ।**

नतिजा नं ३ को उद्देश्य प्राप्तीका लागी परियोजनाले युवा महिलाहरु र बालविवाहको उञ्च जोखिममा रहेका परिवारहरुको पहिचान गरि विभिन्न आयमुलक तथा सिपमुलक गतिविधिहरु सञ्चालन गर्दैआईरहेको छ ।

भेरी वातावरणीय विशिष्टता समुह (बी ग्रुप ) र प्लान ईन्टरनेश्नल नेपालको साझेदारीमा सञ्चालित बालविवाह, छिटो विवाह र जबरजस्ति विवाह रोकथाम परियोजना मार्फत हालसम्म जम्मा २३ जना युवा महिलाहरुले लघु उद्यमशिलता तथा व्यवसायीक योजना सम्बन्धि ५ दिने तालिम प्राप्त गरेका छन् । ५ जना बलविवाह को जोखिममा पर्नसक्ने परिवारहरुलाई सहकारीमा आवद्ध गरिएको छ । ६ जना पालीका बाट सिपमुलक तालिम लिएका र बलविवाह को जोखिममा पर्नसक्ने परिवारहरुलाई व्यवसाय सञ्चालन गर्न विभिन्न सामाग्री वितरण गरिएको छ । ३१ जना विभिन्न व्यवसायमा संलग्न रहेका छन भने सहकारीमा आबद्ध ३ जनाले व्यवसाय संचालन गरेका छैनन् ।







| क्र.सं. | नाम | उमेर | लिङ्ग | ठेगाना | परियोजनाको सहयोग | उपलब्ध गराईएको सिप | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|
| १. | बसन्ती चौधरी | २४ | महिला | राजापुर ६,जमुनाबोझी | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम/सामाग्री | व्यूटीपार्लर व्यवसाय | ९८९४५४१८१७२ |
| २. | गीता चौधरी | २३ | महिला | राजापुर ६, जोगीपुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम/सामाग्री | व्यूटीपार्लर व्यवसाय | ९८१४५८८३२१ |
| ३. | अन्जना थारु | २२ | महिला | राजापुर ६, उदायपुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | व्यूटीपार्लर व्यवसाय | ९८१४५७६२४७ |
| ४. | अन्जली थारु | २० | महिला | राजापुर ८, धोबिनपुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | व्यूटीपार्लर व्यवसाय | ९८१९५१८८७८ |
| ५. | सुनिता थारु | २१ | महिला | राजापुर ८, भिमापुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | व्यूटीपार्लर व्यवसाय | ९८२६५०२९५० |
| ६. | सर्मिला वि.क. | २२ | महिला | राजापुर ८, पुरैना | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | व्यूटीपार्लर व्यवसाय | ९८१६५८५५१४ |
| ७. | सुस्मिता चौधरी | २३ | महिला | राजापुर ६, महुवा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | व्यूटीपार्लर व्यवसाय | |
| ८. | आसारानी थारु | २२ | महिला | राजापुर ८, धोबिनपुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | डल निर्माण व्यवसाय | |
| ९. | सुस्मा थारु | २० | महिला | राजापुर ८,कोइली | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | डल निर्माण व्यवसाय | ९८१९५४७०२६ |
| १०. | जुना चौधरी | २० | महिला | राजापुर ८, पुरैना | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | डल निर्माण व्यवसाय | ९८०४५८१७३७ |
| ११. | बाल कुमारी थारु | २२ | महिला | राजापुर ६,टपरा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | बेतबाँस समाग्री निर्माण व्यवसाय | ९८२५५३१६०७ |
| १२. | अस्मिता चौधरी | २० | महिला | राजापुर ८,सदुवा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | बेतबाँस समाग्री निर्माण व्यवसाय | ९८१६५८३६३२ |
| १३. | सुरिस्टिका थारु | २० | महिला | राजापुर ३, नग्गापुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | मेसन | ९८१२४२३१०८ |
| १४. | सुमा थारु | २६ | महिला | राजापुर ३, मुरैया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | मेसन | ९८१२५५३५४३ |
| १५. | सुबिता चौधरी | २२ | महिला | राजापुर ५,भौंरा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८४९००५८६४ |
| १६. | मीनु सुनार | १८ | महिला | राजापुर ३, टेडिया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८४५८९९१०६ |
| १७. | बिसा थारु | २० | महिला | राजापुर ३, नग्गापुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८२२४९८०९४ |
| १८. | रामपति थारु | २५ | महिला | राजापुर ३, मुरैया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८०४५८९६४४ |
| १९. | बाली चौधरी | ३० | महिला | राजापुर ३, मुरैया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | ड्राईभिङ्ग | ९८२७६३५९६४ |
| २०. | जुना चौधरी | २० | महिला | राजापुर ८, पुरैना | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | डल निर्माण व्यवसाय | ९८०४५८१७३७ |
| २१. | बाल कुमारी थारु | २२ | महिला | राजापुर ६,टपरा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | बेतबाँस समाग्री निर्माण व्यवसाय | ९८२५५३१६०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२. | अस्मिता चौधरी | २० | महिला | राजापुर ८,सधुवा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम | बेतबाँस समाग्री निर्माण व्यवसाय | ९८१६५८३६३२ |
| २३. | सुरिस्टिका थारु | २० | महिला | राजापुर ३, नग्गापुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | मेसन | ९८१२४२३१०८ |
| २४. | सुमा थारु | २६ | महिला | राजापुर ३, मुरैया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | मेसन | ९८१२५५३५४३ |
| २५. | सुबिता चौधरी | २२ | महिला | राजापुर ५,भौँरा | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८४९००५८६४ |
| २६. | मीनु सुनार | १८ | महिला | राजापुर ३, टेडिया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८४५८९९१०६ |
| २७. | बिसा थारु | २० | महिला | राजापुर ३, नग्गापुर | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८२२४९८०९४ |
| २८. | रामपति थारु | २५ | महिला | राजापुर ३, मुरैया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | सैलुन | ९८०४५८९६४४ |
| २९. | बाली चौधरी | ३० | महिला | राजापुर ३, मुरैया | व्यवसाय योजना निर्माण तथा सीपमुलक तालिम तालिम | ड्राईभिङ्ग | ९८२७६३५९६४ |

## राजापुर नगरपालीका र भेरी वातावरणीय विशिष्टता समुह (बि-ग्रुप) बाँके को साझेदारीमा सञ्चालित युवा महिलाहरुलाई उपलब्ध गराईएको तालिमको विवरण

| क्र.सं. | नाम | ठेगाना | प्राप्त सिप | पालीकाको तर्फबाट | संस्थाको तर्फबाट | सम्पर्क नं |
|---|---|---|---|---|---|---|
| १. | अमृता कुमारी चौधरी | राजापुर ५, पिपलपुर | हाउस वेयरिङ्ग | ४५ दिने सिपमुलक तालिम | ५ दिने व्यवसाय योजना निर्माण तालिम | ९८६३५७४७८८ |
| २. | माया थारु | राजापुर ५, नेहालपुर | टायल मार्बल फिटिङ्ग | ४५ दिने सिपमुलक तालिम | ५ दिने व्यवसाय योजना निर्माण तालिम र प्रारम्भिक सहयोग | ९८२५५०८१५७ |
| ३. | दिपा परियार | राजापुर ८, ओस्ताजपुर | टायल मार्बल फिटिङ्ग | ४५ दिने सिपमुलक तालिम | ५ दिने व्यवसाय योजना निर्माण तालिम र प्रारम्भिक सहयोग | ९८००५०६१९७ |
| ४. | अनिता कार्की | राजापुर ३, मुरैया | टायल मार्बल फिटिङ्ग | ४५ दिने सिपमुलक तालिम | ५ दिने व्यवसाय योजना निर्माण तालिम र प्रारम्भिक सहयोग | ९८०४५८९६४४ |

## राजापुर नगरपालीको सिफारिशमा परियोजनाको तर्फबाट उपलब्ध गराईएको सहयोगहरु

| क्र.स. | नाम | ठेगाना | उपलब्ध गराईएको सामाग्री | सामाग्रीको लागत मुल्य | हाल गरिरहेको व्यवसाय | सम्पर्क नं |
|---|---|---|---|---|---|---|
| १. | रेखा थारु | राजापुर ८, धोबिनपुर | कर्कटापाता १२ फिटे | रु.१०,०००/- | बंगुरपालन व्यवसाय | ९८१२४१६८२८ |
| २. | सरस्वती चौधरी | राजापुर ७,बेलसा | रेफ्रिजेरेटर | रु.१५,०००/- | नास्ता पसल | ९८४७९९५५३८ |
| ३. | भागीराम चौधरी | राजापुर ६, जोगीपुर | तार जाली | रु.१०,०००/- | बंगुरपालन व्यवसाय | ९८१९५४५७६५ |
| ४. | विपतराम चौधरी | राजापुर ६, जोगीपुर | तार जाली | रु.१०,०००/- | बंगुरपालन व्यवसाय | ९८२२५९४४२५ |
| ५. | लक्ष्मी थारु | राजापुर ६, जोगीपुर | तार जाली | रु.१०,०००/- | बंगुरपालन व्यवसाय | |
| ६. | गंगा थारु | राजापुर ७, दुर्गानगर | तार जाली | रु.१०,०००/- | कुखुरापालन व्यवसाय | ९८६४३४१६८२ |

## सहकारीमा आवद्ध गरिएका घरपरिवारहरु

| क्र.स. | नाम | ठेगाना | सहकारीको नाम | शेयर रकम | बचत रकम | जम्मा | हाल गरिरहेको व्यवसाय | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|
| १. | गोपाली थारु | राजापुर ६, उदयपुर | सिको बचत तथा ऋण सहकारी संस्था लि. मौकमी सेवा केन्द्र | ५००० | ५००० | १०००० | बंगुरपालन व्यवसाय | ९८२६५२६९४५ |
| २. | जीतकुमारी थारु | राजापुर-८, जोगीपुर | मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द्र | ५००० | ५००० | १०००० | बंगुरपालन/कुखुरा पालन व्यवसाय | ९८२५५०८४७४ |
| ३. | सुनिता वि क | राजापुर ८, भोगपुर | मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द्र | ५००० | ५००० | १०००० | बाखापालन व्यवसाय | |
| ४. | रुपा परियार | राजापुर८,फटायपुर | हाम्रो मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द | ५००० | ५००० | १०००० | | |
| ५. | कल्सी भुल | राजापुर८,धोबिनपुर | मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द्र | ५००० | ५००० | १०००० | | |
| ६. | बसन्ती थारु | राजापुर ६ टपरा | मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द्र | ५००० | ५००० | १०००० | ब्युटीपार्लर पसल | ९८२९६६८०५७ |
| ७. | गीता थारु | राजापुर ६ टपरा | मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द्र | ५००० | ५००० | १०००० | ब्युटीपार्लर पसल | ९८१४५८८३२१ |
| ८. | आशारानाी थारु | राजापुर ८ भोगपुर | मध्यवती बचत तथा ऋण सहकारी संस्था लि. उत्सब सेवा केन्द्र | ५००० | ५००० | १०००० | | ९८२३२८८५६२ |

## हालसम्म परियाजनाको तर्फबाट विभिन्न व्यवसाय तथा सिपमुलक तालिमबाट लाभान्वित युवा महिलाहरु

| क.स. | ट्रेड | संख्या |
|---|---|---|
| १. | व्यूटीपार्लर | ७ |
| २ | डल निर्माण | ३ |
| ३ | बंगुर/कुखुरा पालन | ७ |
| ४. | बेतबाँस | २ |
| ५. | कुकीङ्ग (नास्ता) | १ |
| ६. | हाउस वाईरिंग | १ |
| ७. | टाईल फिटर | ३ |
| ८. | सैलनु | ४ |
| ९. | मेसन | २ |
| १०. | ड्राईभिङ्ग | १ |
| जम्मा | | ३१ जना |








**नतिजा ४ : समुदायले बालविवाह, छिटो हुने विवाह र जबरजस्ति गरिने विवाह हुन नदिने खालका सामाजिक मुल्यमान्यताहरुको अवलम्बन गरेका हुनेछन्**

माथी उल्लेखित नतिजा प्राप्ती गर्ने उद्देश्यले परियोजनाले बिषेश गरी सिओसी सहभागीहरुको क्षमता विकास गरी हानिकारक गलत सामाजिक मुल्यमान्यता तथा अभ्यासहरुको बारेमा परिचालन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षणहरु को आयोजना गरिएको छ । प्रशिक्षणका सिओसी सहभागीहरुले आफ्नो समुदायमा बालविवाह, सामाजिक कुरुती, जातिय विभेद, लैंगीक असमनाता का बिरुद्व अभियानहरु सञ्चालन गरिहेका छन् । गलत तथा हानिकार अभ्यासहरुलाई रोक्नका लागी सिओसी किशोर तथा किशोरीहरुले १ देखी १०० फोटो अभियान, सुग्घर छाई, सुग्घर छावा र डान्स फर लाईफ जस्ता अभियानहरु सामाजिक सञ्जाल मार्फत गरिहेका छन् । । यसै गरी सिओसी केन्द्रमा सहभागी किशोरी संगीता थारुले अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा काठमाण्डौमा आयोजना भएको गर्ल्स टेक ओभर कार्यक्रमा एक दिनको लागि नर्वे राजदुतको पदभार ग्रहण गरिकी थिइन् ।





११. **जम्मा लाभान्वीत जनसंख्या (Population Reach) - (लिङ्ग, उमेर, इथनिसीटी सहितको विस्तृत विवरण र प्रत्यक्ष र अप्रत्यक्ष जनसंख्या उल्लेख गर्ने)** : परियोजना लागू भए देखी जम्मा ९००२ जना किशोर तथा किशोरीहरुले यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि ज्ञान हासिल गरेका छन् । जसमध्य ५६६५ जना किशोरी तथा ३३३७ जना किशोरहरु रहेका छन् । । तलको डायग्राममा बग्रीकृत तथ्यांक उपलब्ध गराईएको छ ।





| | Total | Male | Female | Hill Dalit | Terai Dalit | Hill jamajati | Terai Janajati | Hill Brahman /Kshetri | Terai Brahman /Kshetri | Madhesi | Muslim | Other |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Series 1 | 9002 | 3337 | 5665 | 497 | 16 | 45 | 7678 | 612 | 16 | 36 | 65 | 37 |

परियोजनाले बिद्यालयमा अध्ययनरत् छात्र छात्राहरुको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको ज्ञान अभिवृद्धि गरी सानै उमेरमा गरिने विवाह र गर्भधारण रोक्नका लागी बृहत्तर यौनिकता शिक्षा सञ्चालन गर्नका लागी ३४ जना शिक्षक तथा शिक्षिकाहरुलाई ५ दिने बृहत्तर यौनिकता शिक्षा तथा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि तालिम उपलब्ध गराएको छ। तालिम पश्चात शिक्षकहरुले बिद्यालयहरुमा यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको बारेमा अतिरिक्त कक्षा सञ्चालन गरिराख्नु भएको छ।





| | Total | Male | Female | Hill Dalit | Hill Janajati | Terai Janajati | Hill Bahman/Kshetri | Madhesi |
|---|---|---|---|---|---|---|---|---|
| Series 1 | 34 | 22 | 12 | 2 | 1 | 17 | 11 | 3 |

**बृहत्तर यौनिकता शिक्षा तथा यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धि शिक्षक शिक्षण तालिम प्राप्त शिक्षकहरुको जातीगत विवरण**




यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरु सम्बन्धि संवद बैठकका सहभागीको जातीगत विवरण




आर्थीक सवलीकरण क्रियाकलाप अन्तर्गतका सहभागीहरुको जातीगत विवरण






राजापुर नगरपालीका का नगर प्रमुख श्री दिपेश थारु द्वारा परिवर्तका संवाहकहरुलाई सम्मान पत्र र मायाको चिनो प्रदान गर्नुहुँदै





परिवर्तनका संवाहहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको बारेमा अभिमुखिकरण गरिदै





यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरुको बारेमा शिक्षकहरुलाई तालिम तथा बिद्यालयहरुमा बृहत्तर यौनिकता शिक्षा अध्यापन गराउदै















आर्थीक सवलीकरण सम्बन्धी  विभिन्न व्यवसाय तथा युवा उद्यमीहरुका तस्विरहरु






परिवर्तनका संवाहकहरु द्धारा बाल विवाह न्युनीकरण तथा लैर्गीक हिंसा बिरुद सचेतना फैलाउदै





स्थानीय जनप्रतिनिधी, सामाजिक अगुवा, वडघर, धर्मगुरुहरु बाल विवाह रोकथामका लागी प्रतिवद्धता जनाउँदै

धन्यवाद

प्लान इन्टरनेशनलले सहयोग गरेका कार्यक्रमहरु कस्ता छन् ?
प्लान इन्टरनेशनल र यसका साझेदार संस्थाका कर्मचारीहरुको व्यवहार कस्तो छ ?
तपाई सल्लाह दिनुहोस् । हामी सुधार गर्छौं ।

तपाईहरुको प्रश्न, गुनासो, सल्लाह र प्रतिक्रियाले कार्यक्रमलाई अझै राम्रो बनाउन सहयोग पुग्छ ।

तलको पैसा नलाग्ने नम्बरमा हामीलाई फोन गर्न सक्नुहुन्छ ।
एनसेल प्रयोग कर्ता: ९८०१५ ७१००४
एन.टि.सी. प्रयोग कर्ता १६६० ०१ ३५५८०

तलको फेसबुक पेजमा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ ।
https://www.facebook.com/PlaninNepal/

तलको नम्बरमा हामीलाई मेसेज पनि पठाउन सक्नुहुन्छ ।
९८०१५ ७१००४

तलको ठेगानामा हामीलाई ईमेल गर्न सक्नुहुन्छ ।
ask@plan-international.org

तलको ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ ।
प्लान इन्टरनेशनल नेपाल
मैत्रीमार्ग, बखुण्डोल, ललितपुर
फोन नं ०१ ५५३५५८०

प्रश्न, गुनासो, सल्लाह र प्रतिक्रिया हेर्नको लागि प्लान इन्टरनेशनलको तोकिएको कर्मचारी बाहेक अरु कसैलाई पनि यहाँको परिचय र भनाई थाहा दिइदैन । सबै कुरा अत्यन्तै गोप्य रहन्छ ।

## प्लान इन्टरनेशनल नेपालबारे

प्लान इन्टरनेशनल एक स्वतन्त्र विकास र मानवीय संस्था हो जसले बाल अधिकार र बालिकाहरूको लागि समानतालाई अगाडि बढाउँछ। हामी प्रत्येक बच्चाको शक्ति र क्षमतामा विश्वास गर्छौं। यद्यपि, जो प्रायः गरिबी, हिंसा, बहिष्कार र लैङ्गिक भेदभावद्वारा दबाइन्छ र ति सबैभन्दा बढी बालिकाहरू हुन् । बालबालिका, युवाहरू, हाम्रा समर्थकहरू र साझेदारहरूसँग मिलेर हामी काम गर्दै, न्यायपूर्ण संसारको लागि प्रयास गर्छौं, र बालिकाहरू र सबै कमजोर बालबालिकाहरूले सामना गरिरहेका चुनौतीहरूको मूल कारणहरूको समाधान गर्न हामि काम गर्छौं। हामी जन्मदेखि वयस्क नहुन्जेल बालबालिकाको अधिकारलाई समर्थन गर्छौं र हामी बालबालिकाहरूलाई संकट र प्रतिकूलताका लागि तयारी गर्न र प्रतिक्रिया दिन सक्षम बनाउँछौं। हामी हाम्रो पहुँच, अनुभव र ज्ञान प्रयोग गरेर स्थानीय, राष्ट्रिय र विश्वव्यापी स्तरमा व्यवहार र नीतिमा परिवर्तनहरू चलाउँछौं। हामीले ७५ वर्षभन्दा बढी समयदेखि बालबालिकाका लागि शक्तिशाली साझेदारी निर्माण गर्दै आएका छौं, र अहिले ७० भन्दा बढी देशहरूमा सक्रिय छौं। प्लान इन्टरनेशनल नेपालले सन् १९७८ (बि स २०३४ साल) देखि नेपालमा बालबालिकाको अधिकार र किशोरीहरुको समानताका लागि विभिन्न जिल्लाहरुमा काम गर्दै आएको छ । पछिल्लो पटक विश्वव्यापि रुपमा देखा परेको कोभिड-१९ को सँक्रमण रोकथाम र नियन्त्रणका लागि समेत यस सँस्थाले स्थानिय सरकारको समन्वयमा काम गरिरहेको छ ।